# अन्तर्राष्ट्रिय फौजदारी अदालतको अनुमोदन हुनुपर्ने कुरामा जोड

उपत्यका समाचारदाता

काठमाडौं, असार १७ गते । मानवताविरुद्धको अपराध बढिरहेको र देशमा मुठभेडको स्थिति विगतमा दोहोरिरहेको अवस्थामा नेपालले अन्तर्राष्ट्रिय फौजदारी अदालतको अनुमोदन गर्नुपर्ने आवश्यकता विज्ञहरूले व्यक्त गरेका छन् ।

अन्तर्राष्ट्रिय फौजदारी अदालत स्थापना भएको प्रथम वार्षिकोत्सवको अवसरमा आयोजित अन्तर्राष्ट्रिय न्याय दिवस समारोहमा उहाँहरूले सो धारणा प्रस्तुत गर्नुभएको हो ।

कार्यक्रममा बोल्दै अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)का अध्यक्ष सुबोधराज प्याकुरेलले युद्ध अपराध र सत्ताको आडमा व्यक्तिहत्या गर्नेहरू खुलारूपमा समाजमा हिँड्ने प्रवृत्ति र संस्कृतिलाई निमिट्यान्न पार्न सो अदालतको अनुमोदन गरिनुपर्ने बताउनुभयो । उहाँले एक वर्षअघि नै मानव अधिकारवादी सङ्घ-संस्थाहरूले तत्कालीन सरकारलाई सो अदालत अनुमोदन गर्न आग्रह गरेको र त्यतिबेरै सरकार सहमत भएको भए नेपाली न्यायाधीशले पनि सो अदालतमा प्रतिनिधित्व गर्न पाउने मौका मिल्नसक्थ्यो भन्नुभयो ।

अन्तर्राष्ट्रिय कानुनसम्बन्धी ज्ञाता अधिवक्ता शेरबहादुर केसीले सरकारमा बस्नेहरूलाई जे गर्न पनि छुट छ भन्ने भ्रमलाई चिर्दै हाम्रो देशमा नभए पनि अन्तर्राष्ट्रियजगत्‌मा कारबाही हुन्छ भन्ने सो अदालतले प्रस्ट पारेको उल्लेख गर्नुभयो ।

उहाँले नेपालमा दण्डहीनता, मानव अधिकार र शान्तिको विपक्षमा जाने प्रवृत्ति र आमहत्या बढिरहेकाले यसको सान्दर्भिकता बढेको बताउनुभयो । कानुन व्यवसायी हरि फुयालले अन्तर्राष्ट्रिय फौजदारी अदालत विशिष्ट र अन्तर्राष्ट्रियस्तरको कानुन भएकाले नेपालमा अन्तर्राष्ट्रिय कानुन व्यवस्थितरूपमा लागू गर्न आवश्यक भएको बताउनुभयो ।

एमनेष्टी इन्टरनेसनलले गत साल गरेको एक अध्ययन अनुसार, गत सात वर्षयता नेपालमा छहजार छसय ६६ जनाको गैरन्यायिक हत्या भइसकेको छ भने राजधानीमा भएका बीभत्स हत्याकाण्डका अपराधी पनि प्रहरीले पक्रन सकेको छैन ।

गतवर्षको जुलाई १ मा नेदरल्यान्डको हेगमा स्थापित सो अदालतले स्वदेशमा अदालतले गर्न नचाहेको र गर्न नसकेको मुद्दाहरू हेर्ने गर्दछ ।

अदालतमा मुद्दा परेपछि अदालतका अनुसन्धानकर्ताहरू आफैं सम्बन्धित देशमा छानबिनमा सक्रिय हुने र उजुरकर्ताको जीवन सुरक्षा गर्ने भएकाले सो अदालत एक वर्षमा निकै लोकप्रिय बन्न सफल भएको छ ।

ने सोच

गोरखापत्र २०६०/०३/१८